२८६

राष्ट्रिय सूचना आयोग २०६५

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. १३६/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ....................................................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख (सचिव), परराष्ट्र मन्त्रालय, सिंहदरवार, काठमाडौं ....................................१ विपक्षी

सूचना अधिकारी, परराष्ट्र मन्त्रालय, सिंहदरवार, काठमाडौं ................................................१

विषय :- सूचना उपलब्ध गराइएकोले लतग कट्टा गर्ने ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले परराष्ट्र मन्त्रालय, सिंहदरवार, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०८।२५ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०९।०१ मा भएको आदेश कार्यान्वयनका लागि मित २०७१।०९।०२, च.नं. ६९४/३२८ को पत्रबाट परराष्ट्र मन्त्रालय, सिंहदरवार, काठमाडौं पठाइ मिति २०७१।१२।२९, च.नं. ८०० को पत्रबाट ताकेता, समेत गरिएकोमा तहाँको मिति २०७२।०२।२१, च.नं. १७०७ को पत्रबाट निज निवेदकले माग गरेको कागजातहरु २०७१ माघमा नै तयार गरी निवेदकलाई नियमानुसार लाग्ने राजस्व दाखिला गर्नु भनी जानकारी गराइएको तर हालसम्म पनि दाखिला नगरेको भनी यस आयोगलाई जानकारी गराइएको र निवेदकले सो मन्त्रालयमा नियमानुसारको राजस्व दाखिला गरी माग गरेको सूचना लिन सक्ने नै हुँदा यस सम्वन्धमा थप केही गरिरहनु परेन । तथापि निजले सूचना पाइन भनी यस आयोगमा निवेदन/पुनरावेदन गरेका बखत अग्रिम कारवाही हुनेनै हुँदा प्रस्तुत निवेदनको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
|---|---|---|
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७१ साल जेठ २८ गते रोज ५ शुभम् ।